श्रम र पहिचानमा महिलाको अधिकार: गणतान्त्रिक नेपालको मूल आधार
प्रथम ऐतिहासिक उदयपुर जिल्ला महिला भेला
१२ र १३ जेष्ठ २०७६
त्रियुगा नगरपालिका, राजावास, उदयपुर

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, महिला अधिकार सुनिश्चितताका लागि भएका विभिन्न आन्दोलनहरु सयबर्ष अगाडिदेखि योगमाया र दिव्या कोईराला लगाएतले शुरु गरेको संघर्ष तथा सामाजिक र राजनैतिक आन्दोलनहरुमा महिलाहरुले गरेका त्याग, बलिदान र महत्वपूर्ण योगदानको उच्च सम्मान गर्दै,
नेपालको संविधानमा प्रत्याभूत गरिएको समानताको हक, महिलाको हक लगायत सम्पूर्ण हक अधिकारहरुको पूर्ण कार्यान्वयन र लैंगिक विभेदको अन्त्यका लागि यहि जेठ १६ गते सरकारले घोषणा गर्न लागेको राष्ट्रिय महिला अधिकार दिवस तथा वि सं २०७६ लाई लैंगिक हिंसा अन्त्य गर्ने बर्षको रुपमा घोषणा, विभेदकारी कानुनी प्रावधानहरुको खारेजी गर्ने सरकारी निर्णयलाई स्वागत गर्दै,
नेपाल पक्ष भएका महासन्धिहरुले सुनिश्चित गरेका मानव अधिकार, महिला अधिकार तथा दिगो विकाश लक्ष्यलाई पुरा गर्ने तथा कार्यान्वयन गर्ने सरकारी प्रतिवद्धतालाई सम्मान गर्दै,
स्थानीय स्वायक्त शासन ऐन, स्थानीय सरकार संचालन ऐन, न्यायिक समिति संन्चालन ऐन तथा कार्यविधिले व्यवस्था गरे अनुरुप महिलाको नेतृत्व स्थापित गर्न अपरिहार्य भएको आत्मसात गर्दै,
सामाजिक न्यायमा आधारित समाज निर्माण गर्दै महिला अधिकार सुनिश्चितता सहितको दिगो सामाजिक विकाश गर्ने संघ, प्रदेश तथा स्थानीय सरकारको प्रतिवद्धतालाई स्मरण गर्दै,
जिल्ला समन्वय समिति उदयपुरको उप प्रमुखको संयोजनमा मूल आयोजक समितिले २०७६ जेष्ठ १२ र १३ मा उदयपुर जिल्लाको त्रियुगा नगरपालिका, राजावासमा आयोजना गरेको प्रथम ऐतिहासिक जिल्ला महिला भेलाका ७०० भन्दा बढीको संख्यामा रहेका स्थानीय तहका जनप्रतिनिधिहरू, महिला मानव अधिकारकर्मीहरु, विभिन्न महिला समुह तथा संजालका प्रतिनिधिहरु र अधिकारका लागि काम गर्ने संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा यस भेलाबाट हामी यो १४ बुँदे घोषणापत्र जारी गर्दछौं ।

१. स्थानीय सरकारका सबै संरचनाहरुमा लैंगिक समानता नीति बनाई लागू गर्ने र लैंगिक मैत्री कार्ययोजना तथा लैंगिक उत्तरदायी बजेट विनियोजन तथा कार्यान्वयनका लागि पहल गर्ने ।
२. लैंगिक हिंसा निवारण कोष, मानव बेचविखन राहत कोष, एकल महिला सुरक्षा कोष, बाल संरक्षण कोष, जेष्ठ नागरिकको स्वास्थ्य विमा जस्ता कुराहरुलाई समन्वयात्मक रुपमा स्थानीय तहमा कोष स्थापना, व्यवस्थापन तथा प्रभावकारी रुपमा परिचालन गर्ने ।
३. न्यायिक समितिको कार्य सम्पादनलाई सहज तथा प्रभावकारी बनाउन सम्बन्धीत पदाधिकारीहरुको नेतृत्व विकाश तथा शासकिय क्षमता अभिवृद्धिका लागि विभिन्न निकायहरु राष्ट्रिय न्यायिक प्रतिष्ठान, स्थानीय विकाश प्रशिक्षण प्रतिष्ठानसंग समन्वय तथा सहकार्य गर्ने ।
४. सदियौं देखि समाजमा रहेको महिलालाई हेर्ने विभेदकारी दृष्टिकोणमा परिवर्तन गर्न स्थानीय समुदाय तथा वडास्तर देखि नै वालविवाह, जातीय विभेद र लैगिक हिंसा मुक्त नमुना वस्ती, वडा घोषणा कार्यक्रमका लागि स्थानीय तहमा अभियानमुलक गतिविधिहरु संचालन गर्ने ।
५. महिलाले, घरभित्र, सार्वजनिक क्षेत्र र वैदेशिक रोजगारको क्रममा भोग्नु परेका विभिन्न प्रकारका शोषण र भेदभावका अन्त्यको लागि विशेष कार्यक्रम संचालन गर्ने ।
६. श्रम सम्बन्धी ऐन, सामाजिक सुरक्षा ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, कार्यस्थलमा हुने यौनजन्य हिंसा सम्बन्धी ऐन, स्थानीय तहमा कार्यान्वयन गर्नको लागि स्थानीय तहले श्रम सम्बन्धी नीति निर्माण गरि अनौपचारिक श्रमलाई पञ्जिकरण गर्ने र स्थनीय तहमा श्रम डेस्कको स्थापना गर्ने र महिलाको श्रमलाई पञ्जिकरण गर्न अभियान संचालन गर्ने ।
७. योजना तर्जुमा प्रक्रियामा वडातहको महिला जनप्रतिनिधीको अनिवार्य सहभागितालाई सुनिश्चित गर्दै स्थानीय तहमा आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक रूपान्तरणका लागि महिलाको समानुपातिक, समावेशी सहभागिता सुनिश्चित गर्नका लागि विशेष कार्यक्रम निर्माण र कार्यान्वयन गर्न सहकार्य गर्ने ।

८.   महिलाको प्रजनन स्वास्थ्य अधिकार र सुरक्षित मातृत्व सम्बन्धी ऐन २०७५ लाई आधार मानी स्थानीय तहमा महिला मैत्री स्वास्थ्य सेवा प्रवाह, प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी कार्ययोजना निर्माण तथा ऐनको प्रभावकारी कार्यान्वयनमा जोड दिने ।

९. अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, जेष्ठ नागरिकहरुको अधिकार सुनिश्चित गर्न पहल गर्ने साथै संघ, प्रदेश र स्थानीय तहका विकास योजना निमार्ण तथा कार्यान्वयन गर्दा लैंगिक संवेदनशिल, अपांगता र बाल मैत्री बनाउन सहजिकरण गर्ने ।

१०. हिंसा प्रभावित व्यक्तिहरुका लागि स्थानीय तहमा निशुल्क कानुनी सहायता, सुरक्षित आवास गृह, वडा वडामा उजुरी पेटिकाको व्यवस्था साथै मनोविमर्श सेवाप्रदान गर्नका लागि केन्द्र स्थापना तथा सामाजिक पुनर्स्थापनाको व्यवस्थापनाका लागि पहल गर्ने ।

११. प्रत्येक स्थानीय तहमा लैंगिक सम्पर्क व्यक्ति (Gender focal person) नियुक्त गर्ने ।

१२  पैत्तृक सम्पत्तिमाथि महिलाको हक कार्यान्वयन गर्न पहल गर्ने ।

१३. स्थानिय तहले महिलाको आर्थिक सशक्तिकरणका लागि उद्यमशिलता बिकास, सीपको आधुनिकिकरण तथा व्यवसायिकरणका कार्यक्रमहरु संचालन गर्ने ।

१४. उदयपुर जिल्लालाई सम्बृद्ध बनाउन र बिकासमा सन्तुलन कायम गर्नको लागि राज्यका सबै क्षेत्र र तह तप्काहरुसँग प्रभावकारी समन्वय र सहकार्य गर्ने ।



श्री गंगा राई
उप प्रमुख
उदयपुर जिल्ला समन्वय समिति
मूल आयोजक समिति
२०७६/२/१४

त्रियुगा नगरपालिका
चौदण्डीगढी नगरपालिका
कटारी नगरपालि
बेलका नगरपालिका
उदयपुरगढी गाउँपालिका
रौतामाई गाउँपालिका
लिङ्चुङबुङ गाउँपालिका
ताप्ली गाउँपालिका